# मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

## बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## सुकौली हाटबजार ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ पत्र

*मायादेवी, रुपन्देही*

प्रस्ताव फाराम नं.०३

आ.व. २०८१/०८२

मायादेवी गाउँपालिका

# गाउँकार्यापालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

## दरभाउ-पत्र

सुक्रौली हाटबजार ठेक्का सम्बन्धी शिलवन्दी प्रस्ताव (मायादेवी गा.पा.-३, रुपन्देही ०३- मायादेवी आय -२०८३/८४) दरभाउ फाराम दस्तुरः- रु.१०००/-

| क.सं. | ठेक्काको विवरण | न्युनतमतम ठेक्का अंक रु.( मु.अ.कर र अन्य कर बाहेक) | कबोल गरेको रकम रु. (मु.अ.कर र अन्य कर बाहेक) | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अङ्कमा रु. | अक्षरमा रु. | | |
| १. | सुक्रौली हाटबजार सम्बन्धी ठेक्का मायादेवी गा.पा.-३, रुपन्देही । | रु. १,३५,५००; एक लाख पैंतिस हजार पाँच सय मात्र | | | | |

संलग्न दररेट ठेक्काका शर्तहरु पालना गरी उक्त कबुल गरेको ठेक्का अंक (मु.अ.कर र अन्य कर समेत) मा काम गर्न मन्जुर छु भनी सही छाप गर्नेः-

प्रस्तावदाताको फर्मको नामः-

प्रोप्राईटरको नामः-

बाबुको नामः-

बाजेको नामः-

ठेगानाः-

सम्पर्क फोन नं:

प्रस्तावदाताको सही छाप:

मितिः

प्रस्ताव खरिद गर्ने अन्तिम मिति २०८१/०३/२९ गते बेलुका ५:०० बजे सम्म ।

प्रस्ताव दाखिला गर्ने अन्तिम मिति २०८१/०३/३० गते १०:०० बजेदेखी १२:०० बजे सम्म ।

प्रस्ताव खोलिने मिति र समयः २०८१/०३/३० गते २:०० बजे दिउँसो ।

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः- २०८२/०८३
चलानी नं.:-

मितिः-२०८३/०३/२३

**आ.व.२०८३/०८४ को लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) व्यवस्थापन सम्वन्धी ७(सात) दिने सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३ असार २३ गते

मायादेवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को आन्तरिक आय संकलनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम आन्तरिक आय सङ्कलनको लागि तपसिल बमोजिमको बिभिन्न शिर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी वा वेभसाईट www.mayadevimunrupandehi.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यापालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| क.सं. | ठेक्का नं. | ठेक्का बिबरण | ठेगाना | न्युनतम कबोलअङ्करु. ( मु अ कर बाहेक) | दरभाउ दस्तुर (रु.) | ठेक्का अवधी |
|---|---|---|---|---|---|---|
| १ | ०२/-मायादेवी आय-२०८३/८४ | बेथरी हाटबजार सम्बन्धी ठेक्का मायादेवी गा.पा.-६, रुपन्देही | मायादेवी-०६ | ४५२१००.०० अक्षरेपीः-चार लाख बाउन्न हजार एक सय मात्र कर बाहेक मात्र । | १०००/- | १ बर्ष |
| २ | ०३/-मायादेवी आय-२०८३/८४ | सुक्रौली हाटबजार सम्बन्धी ठेक्का मायादेवी गा.पा.-३, रुपन्देही | मायादेवी-०३ | रु. १३५५००.००अक्षरेपीः- एक लाख पैतिस हजार पाँच सय पैसा मात्र । | १०००/- | १ बर्ष |

शर्तहरु

१. फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित बोलपत्र फाराम दस्तुर वापत को रकम प्राईम कमर्सियल बैङ्क लिमिटेडमा मायादेवी गाउँपालिकाको नाममा रहेको राजश्व खाता नं. ०६४०१००००००१५७००११९ मा ठेक्का नं. र बोलपत्रदाताको नाम समेत उल्लेख गरि तोकिए वमोजिमको दरभाउपत्र दस्तुर वापतको रकम दाखिला गरेको बैङ्क भौचर पेश गरी मायदेवी गाउँपालिकाको website https://mayadevimunrupandehi.gov.np/ बाट दरभाउपत्र फाराम डाउनलोड गर्न वा मायादेवी गाउँपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गरि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन बेलुका ५ बजे सम्म खरिद गरी ८औं दिउँसो १२ बजे सम्म दर्ता भएका बोलपत्रहरु ८ औं दिनको २:०० बजे खोलिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्का विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र संलग्न, गर्नुपर्ने छ।

४. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई अधार मानी धरौटी बापत कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी बापत यस मायादेवी गाउँपालिकाको कार्यालय,बरेवा, रुपन्देहीको नाममा रहेको प्राईम कर्मिसयल बैङ्क, बेथरी शाखाको खाता नं .०६४०१००००००१६५००११२ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंक बाट जारी गरिएको कम्तिमा ९० (नब्बे दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । दरभाउपत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि यस कार्यलयमा सम्पर्क राख्नु पर्नेछ ।

५. दरभाउपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुनेछैन।

६. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन ।

७. प्रचलित नियमानुसार कालोसुचिमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनपर्ने बाँकी बक्यौता भएका ब्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कार्यवाहि हुने छैन ।

८. अन्य शर्तहरु प्रचलित ऐन, कानुन, नियममानुसार हुनेछन ।

## क. सार्बजनिक हाट बजार ठेक्का सम्बन्धी थप शर्त

१. ठेक्का सम्झौता गर्दा कवोल रकम अग्रीम एकमुष्ठ रुपमा वा दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता रकम र कर संझौता गर्नु अघि र बाँकी दोश्रो किस्ता रकम बरावरको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट जारी गरिएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम २०८३ चाल मंसिरसमान्त भित्र बुझाउनु पर्नेछ।

२. सार्वजनिक हाटबजार सरसफाई तथा मर्मत संभार ठेकेदार स्वंयले गर्नुपर्नेछ ।

३. बहाल बिटौरी करको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन-२०८१ अनुसार रहनेछ । बहाल बिटौरी कर सङ्कलन गरेवापतको मू.अ.कर तथा आयकर व्यवसायी स्वयंमले किस्ता रकमसँग जोडी अग्रिम बुझाउनुपर्नेछ । दररेट भन्दा बढी कर/शुल्क लिएमा कानुन बमोजिम कारवाही हुनेछ ।

४. ठेक्का अवधि २०८४ असार मसान्तसम्म रहनेछ ।

..........................

नवराज भण्डारी

प्रमुख प्रशासकीय अधिकृत